८ पान


# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड२५] काठमाडौं, चैत ३० गते २०३२ साल [अतिरिक्ताङ्क ६२


श्री ५ को सरकार

## गृह पञ्चायत मन्त्रालयको

## सूचना

### विदेशीसम्बन्धी नियमावली, २०३२

विदेशीहरुसम्बन्धी ऐन, २०१५ को दफा ५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ।

परिच्छेद –१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "विदेशीसम्बन्धी नियमावली २०३२" रहेको छ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो नियमावलीमा :–

(क) "ऐन" भन्नाले विदेशीहरूसम्बन्धी ऐन, २०१५ सम्झनु पर्छ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) "भिसा" भन्नाले कुनै विदेशीलाई नेपाल अधिराज्यभित्र प्रवेश तथा उपस्थितिको लागि श्री ५ को सरकारबाट दिइने अनुमति–पत्रलाई सम्झनु पर्छ।

(ग) "अध्यागमन कार्यालय" भन्नाले नेपाल अधिराज्यभित्र विदेशीहरूको प्रवेश, उपस्थिति र प्रस्थानलाई नियमित गर्न श्री ५ को सरकारले खडा गरेको कार्यालयलाई सम्झनु पर्छ।

(घ) "पद यात्रा" भन्नाले विविध प्राकृतिक एवं सांस्कृतिक दृश्यावलोकन गर्न साधारणतया आधुनिक सवारीका साधन उपलब्ध नहुने ठाउँमा गरिने पैदल भ्रमण सम्झनु पर्छ।

(ङ) "नियोग" भन्नाले कुनै विदेशस्थित नेपालको राजदूतावास, वाणिज्य-दूतावास सम्झनु पर्छ र यो शब्दले स्थायी वा अस्थायी रूपमा गठीत श्री ५ को वा श्री ५ को सरकारको विदेशमा प्रतिनिधित्व गर्ने संगठन समेतलाई जनाउँछ।

(च) "पर्यटक" भन्नाले एक रात वा चौबीस घण्टा वा केही दिनको लागि व्यापार व्यवसाय, अध्ययन, दृश्यावलोकन, छुट्टी मनाउन, खेलकूद, मनोरञ्जन, पदयात्रा, तीर्थयात्रा, स्वास्थ्योपचार, पारिवारिक भेटघाटको उद्देश्यले वा अन्तरराष्ट्रिय सभा अथवा सम्मेलनमा भाग लिन नेपाल अधिराज्यमा प्रवेश गर्ने विदेशीलाई सम्झनु पर्छ।

## परिच्छेद – २

## भिसासम्बन्धी व्यवस्था

३. भिसा नलिई नेपाल अधिराज्यमा प्रवेश गर्न नपाउने : (१) कुनै पनि विदेशीले भिसा नलिई नेपाल अधिराज्यभित्र प्रवेश गर्न पाउने छैन।

तर भारतका नागरिकलाई नेपाल अधिराज्यभित्र प्रवेश गर्न साधारणतः भिसा लिनु पर्ने छैन।

(२) भिसा पाएको विदेशीले पनि भिसाको म्यादभन्दा बढी अवधिसम्म नेपाल अधिराज्यमा बस्न पाउने छैन।

४. भिसा दिने वा नदिने श्री ५ को सरकारको अधिकार : कुनै विदेशीलाई नेपाल अधिराज्यभित्र प्रवेश गर्न भिसा दिने वा नदिने अधिकार श्री ५ को सरकारको हुनेछ।

५. भिसाको लागि निवेदन : नेपाल अधिराज्यभित्र प्रवेश गर्न चाहने विदेशीले भिसाको लागि अनुसूची १ बमोजिम फाराम भरी निवेदन दिनु पर्नेछ।

तर कूटनैतिक भिसा वा अफिसियल भिसाको लागि सम्बन्धित विदेशी कार्यालय वा विदेशी कूटनैतिक नियोगबाट अनुरोध वा सिफारिश भई आएमा त्यसरी फाराम भर्नुपर्ने छैन।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. भिसा दिने अधिकारी : श्री ५ को सरकार, परराष्ट्र मन्त्रालय, नियोग, अध्यागमन कार्यालय वा श्री ५ को सरकारले तोकेको अन्य अधिकारीले भिसा जारी गर्न सक्नेछ ।

७. भिसाको किसिम : भिसा निम्न किसिमका हुने छन्:–

(क) कूटनैतिक भिसा,
(ख) अफिसियल भिसा,
(ग) गैर पर्यटक भिसा, र
(घ) पर्यटक भिसा ।

८. कूटनैतिक भिसा : श्री ५ को सरकारले विशेष आदेश जारी गरेको अवस्थामा बाहेक कुनै पनि मुलुकको कूटनैतिक राहदानी प्राप्त व्यक्ति, श्री ५ को सरकारबाट कूटनैतिक सुविधा प्रदान गर्न उपयुक्त ठहराइको व्यक्ति तथा त्यस्तो व्यक्तिको परिवारलाई कूटनैतिक भिसा दिइनेछ ।

९. अफिसियल भिसा : नेपाल अधिराज्यस्थित विदेशी कूटनैतिक नियोग वा वाणिज्यदूतावासमा काम गर्ने अफिसियल राहदानी प्राप्त कर्मचारी, श्री ५ को सरकारसंग सम्झौता भई नेपालमा रहने विदेशी सल्लाहकार तथा विशेषज्ञ, संयुक्त राष्ट्र संघ वा त्यस अन्तरगतका अन्य संस्थाहरूका नेपाल अधिराज्यस्थित कार्यालयका कर्मचारीहरू, संयुक्त राष्ट्र संघद्वारा प्रदान गरिएको लेसेपेसे प्राप्त व्यक्ति, स्वयंसेवक तथा त्यस्ता कर्मचारी वा व्यक्तिको परिवारलाई अफिसियल भिसा दिइनेछ।

१०. गैर पर्यटक भिसा : नियम ८ र ९ मा उल्लेख गरिएका व्यक्तिहरू र पर्यटक बाहेक अन्य विदेशी तथा निजका परिवारलाई गैर पर्यटक भिसा दिइनेछ।

११. पर्यटक भिसा : पर्यटकहरूलाई पर्यटक भिसा दिइनेछ ।

१२. गैर पर्यटक भिसा लिन पुर्‍याउनु पर्ने रीत : गैर पर्यटक भिसा पाउने विदेशीहरूमध्ये देहायका व्यक्तिहरूले भिसा पाउन देहायको रीत पुर्‍याउनु पर्नेछ:–

(क) नेपाल अधिराज्यको कुनै शिक्षण संस्थामा अध्ययन, अध्यापन वा अनुसन्धान गर्न भिसा लिन चाहने विदेशीले अध्ययन, अध्यापन वा अनुसन्धानको लागि त्रिभुवन विश्वविद्यालय वा श्री ५ को सरकारको स्वीकृति प्राप्त शिक्षण संस्थाबाट स्वीकृति लिएको प्रमाण पेश गर्नु पर्नेछ।

(ख) कुनै अन्तरराष्ट्रिय हवाई सेवाका कर्मचारीले नेपाल अधिराज्यस्थित त्यस्तो हवाई सेवाको कार्यालयमा काम गर्न भिसा लिन चाहेमा सो हवाई सेवाको कार्यालयबाट सिफारिश गरिएको प्रमाण पेश गर्नु पर्नेछ ।

तर त्यस्तो भिसा साधारणतया पारस्परिकताको आधारमा दिइनेछ ।

(ग) नेपाल अधिराज्यभित्र कुनै फर्म, कम्पनी वा संस्थामा पारिश्रमिक पाउने

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरी नियुक्त भएका विदेशीले भिसा लिन चाहेमा त्यस्तो फर्म, कम्पनी वा संस्थाबाट नियुक्ति पाएको प्रमाण पेश गर्नु पर्नेछ ।

(घ) व्यापारको उद्देश्य राखी आउन चाहने विदेशीले भिसा लिन चाहेमा नेपाल अधिराज्यमा व्यापार गर्न श्री ५ को सरकारको सम्बन्धित मन्त्रालय वा विभागको स्वीकृति पाएको प्रमाण पेश गर्नु पर्नेछ ।

(ङ) विदेशी पत्र-पत्रिका वा समाचार समितिका प्रतिनिधि भई आउन चाहने विदेशीले श्री ५ को सरकार, संचार मन्त्रालयबाट स्वीकृति पाएको प्रमाण पेश गर्नु पर्नेछ ।

(च) नेपाली नागरिकसंग वैवाहिक सम्बन्ध भएको विदेशी स्वास्नीमानिसले भिसा लिन चाहेमा विवाह दर्ताको प्रमाण पेश गर्नु पर्नेछ ।

(छ) कूटनैतिक भिसा वा अफिसियल भिसा प्राप्त विदेशीको नातेदार तथा परिचारक वा परिचारिका भई आउने विदेशीले भिसा लिन सम्बन्धित विदे[शी] कार्यालय वा नियोग प्रमुखको सिफारिश पत्र पेश गर्नु पर्नेछ ।

१३. श्री ५ को सरकारको स्वीकृति लिनु पर्ने : नियम १२ को खण्ड (क) र (ग) बमोजिम भिसा लिन चाहने विदेशीलाई शिक्षण संस्थाबाट अध्ययन, अध्यापन वा अनुसन्धानको लागि स्वीकृति दिंदा वा फर्म, कम्पनी वा संस्थाबाट नियुक्ति दिंदा र त्यस्तो शिक्षण संस्था, फर्म, कम्पनी वा संस्थाले श्री ५ को सरकारको पूर्व स्वीकृति लिएको हुनु पर्नेछ । अन्यथा त्यस्तो विदेशीलाई श्री ५ को सरकारले भिसा नदिन वा निजको भिसाको म्याद थप नगर्न सक्नेछ ।

## परिच्छेद – ३

## भिसा जारी गर्ने अवधि र म्याद थप

१४. भिसा जारी गर्ने अवधि : (१) नेपाल अधिराज्यस्थित कूटनैतिक नियोग वा वाणिज्यदूतावासको कर्मचारी तथा कूटनैतिक सुविधा प्राप्त व्यक्ति र निजहरूका परिवारलाई एकै पटक वा पटक पटक गरी नेपाल अधिराज्यमा काम गरुन्जेलसम्मको अवधिको लागि साधारणतया पारस्परिकताको आधारमा भिसा जारी गर्न वा भिसाको म्याद थप गर्न सकिने[छ ।]

(२) कूटनैतिक सुविधा प्राप्त व्यक्ति र निजका परिवार बाहेक श्री ५ को सरकारसंग सम्झौता भै नेपाल अधिराज्यमा रहेको विदेशी सल्लाहकार तथा विशेषज्ञ, विदेशी नियोगका कर्मचारी, संयुक्त राष्ट्र संघ वा त्यस अन्तरगतका अन्य संस्थाहरूका कर्मचारी, संयुक्त राष्ट्र संघद्वारा प्रदान गरिएको लेसेपेसे प्राप्त व्यक्ति स्वयम्सेवक तथा निजहरूका परिवारलाई एक पटकमा एक वर्षसम्मको अविधको लागि भिसा जारी गर्न वा भिसाको म्याद थप गर्न सकिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६९१६

(३) गैर पर्यटकलाई एक पटकमा बढीमा एक वर्षसम्मको भिसा जारी गर्न वा भिसाको म्याद थप गर्न सकिनेछ।

तर नेपाली नागरिकसित वैवाहिक सम्बन्ध भएकी विदेशी स्वास्नीमानिसले भिसाको म्याद थप्नु पर्ने छैन र त्यस्तो वैवाहिक सम्बन्ध कायम रहुन्जेल र त्यसपछि तीन महीनासम्मको अवधिको लागि निजको भिसा वहाल रहेको मानिनेछ।

१५. भिसाको म्याद थपको लागि निवेदन: कुनै विदेशीले भिसाको म्याद थप गराउन चाहेमा निजले अनुसूची १ (ख) बमोजिम फाराम भरी निवेदन दिनु पर्नेछ।

तर कूटनैतिक भिसा वा अफिसियल भिसाको म्याद थपको लागि विदेशी कूटनैतिक नियोगबाट अनुरोध वा सिफारिश भई आएमा त्यसरी फाराम भर्नु पर्ने छैन।

१६. भिसाको म्याद थप गर्ने अधिकारी : देहायको भिसाको म्याद थप गर्नु परेमा देहायको अधिकारीले गर्नेछः–

(क) कूटनैतिक भिसा तथा अफिसियल भिसाको म्याद श्री ५ को सरकार, परराष्ट्र मन्त्रालयले,

(ख) गैर पर्यटक भिसाको म्याद गृह पञ्चायत मन्त्रालयको स्वीकृति लिई केन्द्रीय अध्यागमन कार्यालयले,

(ग) पर्यटक भिसाको म्याद केन्द्रीय अध्यागमन कार्यालय वा अन्य अध्यागमन कार्यालय र सो नभएको ठाउँमा प्रहरी कार्यालयले।

१७. पर्यटक भिसाको म्याद थप गर्ने अवधि : (१) कुनै पर्यटकले भिसाको म्याद थप्न चाहेमा भिसाको कूल अवधि तीन महीनामा नबढ्ने गरी केन्द्रीय अध्यागमन कार्यालयले एक पटकमा एक महीनासम्म र अन्य अध्यागमन कार्यालय वा सो नभएको ठाउँमा प्रहरी कार्यालयले एक पटकमा सात दिनसम्म भिसाको म्याद थप गर्न सकिनेछ।

तर–

भिसाको म्याद थप गर्दा जति दिनको लागि थप गरिने हो सो अवधिको लागि सो विदेशीले एक दिनको पाँच यू. एस्. डलरको हिसाबले डलर वा अन्य परिवर्त्य मुद्रा नेपाली रूपैयाँमा सटही गरेको प्रमाण पेश गर्नु पर्नेछ।

(२) उप-नियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पर्यटकलाई तीन महीनाभन्दा बढी अवधिको लागि मनासिब माफिकको कारण परी भिसाको म्याद थप गर्नु परेमा गृह पञ्चायत मन्त्रालयको सिफारिशमा केन्द्रीय अध्यागमन कार्यालयले तीन महीनाभन्दा बढी अवधिको लागि म्याद थप गर्न सक्नेछ।

१८. भिसा नलिई आउने विदेशीलाई अध्यागमन कार्यालयले भिसा जारी गर्न सक्ने : नियम ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि वहाली राहदानी प्राप्त गरेको विदेशी वा राहदानी प्राप्त नगरेको राज्यविहीन विदेशीले नियोगबाट भिसा नलिई आएमा नियम ३५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मा उल्लेखित प्रवेश स्थल अध्यागमन कार्यालयले ७ (सात) दिनसम्मको लागि पर्यटक भिसा जारी गर्न सक्नेछ ।

१९. नियोगले भिसा जारी गर्ने अवधि : नियोगले कुनै पनि भिसा जारी गर्दा साधारणतया एक महीनाभन्दा बढी अवधिको लागि भिसा जारी गर्ने छैनन् र श्री ५ को सरकारसंग दौत्य सम्बन्ध भएका विभिन्न राष्ट्रका प्रतिष्ठित व्यक्तिहरूलाई नियोग प्रमुखले उचित देखेमा निःशुल्क भिसा जारी गर्न सक्नेछन् ।

२०. भिसा वहाल नरहने : यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि भिसा जतिसुकै अवधिको लागि जारी गरिएको वा म्याद थप गरिएको भए तापनि भिसा जारी गरिएको व्यक्तिको राहदानी वहाल रहेको अवधिभन्दा बढी अवधिसम्म भिसा वहाल रहने छैन ।

## परिच्छेद–४

## भिसा तथा भिसाको म्याद थप दस्तूर

२१. भिसा जारी गर्दा लाग्ने दस्तूर : नेपाल अधिराज्य बाहिर भिसा जारी गर्दा प्रत्येक विदेशी-लाई देहायको दरले दस्तूर लाग्नेछः–

(क) एक पटकको प्रवेशको लागि यू. एस्. डलर पाँच वा सो बराबरको अन्य विदेशी मुद्रा

(ख) चार पटकसम्मको वहुप्रवेशको लागि यू. एस्. डलर बीस वा सो बराबरको अन्य विदेशी मुद्रा

(ग) चार पटकभन्दा बढीको वहुप्रवेशको लागि यू. एस्. डलर तीस वा सो बराबरको अन्य विदेशी मुद्रा

(घ) नेपाल अधिराज्यभित्र भिसा जारी गर्दा प्रत्येक विदेशीले उप-नियम (१) मा तोकिएबमोजिम लाग्ने दस्तूर नेपाली रूपैयाँमा बुझाउनु पर्नेछ ।

२२. भिसाको म्याद थप दस्तूर : भिसाको म्याद थप गर्दा देहायबमोजिमको दस्तूर लाग्नेछः–

(क) एक हप्ताको दश रूपैयाँ ।

(ख) एकै पटक पूरै एक महीनाको तीस रूपैयाँ ।

२३. दस्तूरको छुट : नियम २१ र २२ मा जुनसुकै कुरा लेखिएको भए तापनि कूटनैतिक भिसा वा अफिसियल भिसा जारी गर्दा वा त्यस्तो भिसाको म्याद थप गर्दा कुनै दस्तूर लाग्ने छैन । पर्वतारोहण दलका सदस्यहरूको भिसाको म्याद थप गर्दा समेत यस नियमावली बमोजिम दस्तूर लाग्ने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६।८

## परिच्छेद–५
## पद यात्रा

२४. पद यात्रा गर्न अनुमति लिनु पर्ने : नेपाल अधिराज्यको कुनै भागमा पद यात्रा गर्न चाहने विदेशीले अनुमति–पत्र लिनु पर्नेछ ।

२५. निवेदन दिनु पर्ने : विदेशीले पद यात्रा गर्न अनुमतिको लागि अनुसूची २ (क) बमोजिमको फाराम भरी केन्द्रीय अध्यागमन कार्यालयमा निवेदन दिनु पर्नेछ ।

२६. पद यात्राको अनुमति–पत्र जारी गर्ने : नियम २५ बमोजिम निवेदन प्राप्त भएपछि श्री ५ को सरकारद्वारा विदेशीलाई प्रवेश निषेध गरेको क्षेत्र बाहेक पद यात्रा गर्न चाहने विदेशीलाई केन्द्रीय अध्यागमन कार्यालयले अनुसूची २ (ख) बमोजिमको पद यात्राको अनुमति–पत्र जारी गर्न सक्नेछ ।

२७. पद यात्रा गर्दा पुऱ्याउनु पर्ने रीत : विदेशीले पद यात्रा गर्दा देहायको रीत पुऱ्याउनु पर्नेछ:–

(क) एक पटकमा एक ठाउँको मात्र पद यात्रा गर्न सकिनेछ ।

(ख) केन्द्रीय अध्यागमन कार्यालयबाट निर्धारित गरिएको बाटो भएर मात्र पद यात्रा गर्नु पर्नेछ ।

(ग) प्रचलित नेपाल कानूनबमोजिम दर्ता भएको ट्रेकिङ एजेन्सी मार्फत पद यात्रा गर्नु पर्नेछ ।

२८. पद यात्राको अनुमति-पत्रको म्याद थप गर्न पाउने : कुनै विदेशीले पद यात्राको अनुमति-पत्रको म्याद थप गराउन चाहेमा निजले केन्द्रीय अध्यागमन कार्यालयबाट अनुमति-पत्र पेश गरी म्याद थप गराउन सक्नेछ ।

२९. पद यात्रा अनुमति–पत्रको म्याद थप गर्ने अधिकार : केन्द्रीय अध्यागमन कार्यालय बाहेक अरू अधिकारीले पद यात्राको अनुमति–पत्रको म्याद थप गर्न सक्ने छैन ।

३०. पद यात्राको अनुमति–पत्र दस्तूर : पद यात्रा अनुमति-पत्र जारी गर्दा वा त्यसको म्याद थप गर्दा प्रत्येक हप्ताको पन्ध्र रूपैयाँको दरले दस्तूर लाग्नेछ ।

तर कूटनैतिक सुविधा प्राप्त व्यक्ति, विदेशी कूटनैतिक नियोग वा वाणिज्यदूतावासका कर्मचारीहरू संयुक्त राष्ट्र संघ वा त्यस अन्तर्गतका अन्य संस्थाहरूका नेपाल अधिराज्यस्थित कार्यालयका कर्मचारीहरू, श्री ५ को सरकारसित सम्झौता भई आउने सल्लाहकार, विशेषज्ञ, स्वयम्‌सेवक तथा निजहरूको परिवारलाई श्री ५ को सरकार, परराष्ट्र मन्त्रालयको सिफारिशमा पद यात्राको अनुमति–पत्र जारी गर्दा वा त्यसको म्याद थप गर्दा दस्तूर लाग्ने छैन ।

३१. पद यात्राको अनुमति–पत्र प्रमाणित गराउनु पर्ने : पद यात्रा गर्ने विदेशीले पद यात्राको अनुमति-पत्रमा तोकिएको ठाउँमा पुगेपछि सो ठाउँको अध्यागमन कार्यालय वा सो नभए प्रहरी कार्यालयबाट पद यात्राको अनुमति–पत्रमा प्रमाणित गराउनु पर्नेछ ।

तर कूटनैतिक वा अफिसियल भिसा प्राप्त व्यक्तिले पद यात्राको अनुमति-पत्रमा त्यसरी प्रमाणित गराउनु पर्ने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३२. पद यात्राको अनुमति–पत्र फिर्ता गर्नु पर्ने : पद यात्रा गर्ने विदेशीले पद यात्रा समाप्त भएपछि पद यात्राको अनुमति-पत्र केन्द्रीय अध्यागमन कार्यालयमा फिर्ता बुझाउनु पर्नेछ ।

परिच्छेद–६

विविध

३३. भिसा रद्द गर्न सकिने अवस्था : श्री ५ को सरकारले देहायको अवस्थामा विदेशीको भिसा रद्द गर्न सक्नेछ :–

(क) स्वास्थ्यसम्बन्धी अन्तर्राष्ट्रिय प्रमाण-पत्र पेश नगरेमा
(ख) मगज बिग्रेको वा बौलाएको भएमा
(ग) विदेशमा संगीन फौजदारी कसूर गरी भागी आएको भए
(घ) कुनै सरुवा रोग लागेको भए
(ङ) निजको उपस्थितिबाट राष्ट्रको स्वार्थमा धक्का पुग्ने वा नेपाल अधिराज्यको सुरक्षालाई खतरा उत्पन्न हुने भएमा
(च) श्री ५ को सराकारले विदेशीको लागि प्रवेश निषेध गरेको क्षेत्रभित्र प्रवेश गरेमा
(छ) नियम २७ बमोजिम रीत पुऱ्याई पद यात्रा नगरेमा
(ज) श्री ५ को सरकारबाट मनाही गरिएको कुनै वस्तु नेपाल अधिराज्यभित्र वा बाहिर ल्याउन वा लैजान वा खरीद–बिक्री गर्ने प्रयत्न गरेमा
(झ) ऐन वा यस नियमावलीमा उल्लिखित अरू कुनै कुरा उल्लंघन गरेमा ।

३४. नेपाल अधिराज्यबाट निष्काशन गर्न सकिने : देहायको अवस्थामा श्री ५ को सरकारले विदेशीलाई नेपाल अधिराज्यबाट निष्काशन गर्न सक्नेछ:–

(१) भिसा नलिई नेपाल अधिराज्यभित्र प्रवेश गरेमा
(२) भिसाको म्याद नाघेमा
(३) नियम ३३ बमोजिम भिसा रद्द गरिएमा ।

३५. प्रवेश वा प्रस्थान स्थल : (१) भिसा लिई प्रवेश गर्नु पर्ने विदेशीहरूको प्रवेश तथा प्रस्थानको लागि श्री ५ को सरकारले देहायबमोजिम प्रवेश वा प्रस्थान स्थल निर्धारित गरेको छ:–

| | |
|---|---|
| (क) काकर भिट्टा . . . . | (मेची अञ्चल) |
| (ख) रानी सिकियाही . . . | (कोशी अञ्चल) |
| (ग) जलेश्वर . . . . | (जनकपुर अञ्चल) |
| (घ) वीरगञ्ज . . . . | (नारायणी अञ्चल) |
| (ङ) सुनौली . . . . | (लुम्बिनी अञ्चल) |
| (च) ककरहवा . . . . | (लुम्बिनी अञ्चल) |
| (छ) त्रिभुवन विमान स्थल . . . | (वाग्मती अञ्चल) |
| (ज) कोदारी . . . . | (वाग्मती अञ्चल) |
| (झ) नेपालगञ्ज . . . . | (भेरी अञ्चल) |
| (ञ) कोईलाबास . . . . | (राप्ती अञ्चल) |

(ट) धनगढी . . . . (सेती अञ्चल)

(ठ) महेन्द्र नगर . . . . (महाकाली अञ्चल)

(२) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी उप-नियम (१) अन्तर्गतको प्रवेश वा प्रस्थान स्थलहरूलाई आवश्यकता अनुसार हेरफेर वा घटबढ गर्न सक्नेछ।

३६. आगमन तथा प्रत्यागमन फाराम भर्नु पर्ने : प्रत्येक विदेशीले हवाई मार्गबाट नेपाल अधिराज्यभित्र प्रवेश गर्दा वा नेपाल अधिराज्य बाहिर प्रस्थान गर्दा अनुसूची ३ (क) र ३ (ख) बमोजिमको आगमन तथा प्रत्यागमन फाराम भरी सम्बन्धित अध्यागमन कार्यालयमा बुझाउनु पर्नेछ।

३७. होटेल मालिकले लगत दिनु पर्ने : होटेल मालिकले आफ्नो होटेलमा विदेशी आई बसेको र छोडेको लगत अनुसूची ४ बमोजिमको फाराममा भरी श्री ५ को सरकारले तोकेबमोजिम स्थानीय अध्यागमन कार्यालयलाई दिनु पर्नेछ।

स्पष्टीकरण : "होटेल" भन्नाले भोजन (खानापिना) को प्रबन्ध भई वा नभई वसोवासको सुविधा दिने गरी व्यवसायिक आधारमा चलाइएको कुनै पनि आवास समेतलाई जनाउँछ।

३८. त्रिभुवन विमान स्थल बाहेक अन्यत्रबाट प्रस्थान गरेको लगत दिने : त्रिभुवन विमान स्थल बाहेक अन्यत्रको प्रस्थान स्थलबाट नेपाल अधिराज्य छोडी जाने विदेशीहरूको लगत सम्बन्धित अध्यागमन कार्यालयले केन्द्रीय अध्यागमन कार्यालयलाई दिनु पर्नेछ।

३९. विदेशीले उपस्थिति दर्ता गराउनु पर्ने : (१) नब्बे दिनभन्दा बढी अवधिको लागि गैर पर्यटक भिसा लिई आउने विदेशीले नेपाल अधिराज्यभित्र प्रवेश गरेको मितिले पन्ध्र दिनभित्र र नब्बे दिनभन्दा घटी अवधिको लागि गैर पर्यटक भिसा लिई आए तापनि भिसाको म्याद बढाई नब्बे दिनभन्दा बढी अवधिसम्म नेपाल अधिराज्यमा बस्न चाहने विदेशीले त्यसरी भिसाको म्याद बढाएको मितिले सात दिनभित्र स्थानीय अध्यागमन कार्यालय वा सो नभएको ठाउँमा प्रहरी कार्यालयमा बसेको ठेगाना सहित उपस्थिति दर्ता गराउनु पर्नेछ।

(२) उप-नियम (१) बमोजिम दर्ता भएको विदेशीले आफू बसेको ठेगाना परिवर्तन गरेमा त्यसको सूचना ठेगाना परिवर्तन भएको मितिले सात दिनभित्र स्थानीय अध्यागमन कार्यालय वा सो नभएको ठाउँमा प्रहरी कार्यालयमा दिनु पर्नेछ।

४०. निषेधित इलाकामा जान नहुने : कुनै पनि विदेशीले श्री ५ को सरकारको अनुमति भएमा बाहेक श्री ५ को सरकारबाट विदेशीलाई प्रवेश निषेधित गरेको क्षेत्रमा प्रवेश गर्न हुँदैन।

४१. कागजात देखाउनु पर्ने : श्री ५ को सरकारका सम्बन्धित अधिकारीहरूले कुनै विदेशीसंग राहदानी, भिसा, स्वास्थ्यसम्बन्धी अन्तर्राष्ट्रिय प्रमाण-पत्र वा तत्सम्बन्धी कागजात हेर्न चाहेमा निजले तुरुन्त देखाउनु पर्नेछ।

४२. फारामहरूको भाषा : यो नियमावली अन्तर्गतका फारामहरू आवश्यकतानुसार अंग्रेजीमा पनि छपाउन, प्रयोग गर्न र गराउन सकिनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६२१

अनुसूची–१ (क)

(नियम ५ सित सम्बन्धित)

## भिसा दर्खास्त फाराम

(तीन प्रति)

१. थरः–  नाम (पूरा):–

२. राष्ट्रियताः–

३. (क) हालको ठेगानाः–  (ख) स्थायी ठेगानाः–

४. (क) जन्म मितिः–  (ख) जन्मेको ठाउँः–

(ग) पेशाः–

५. राहदानीको विवरणः–

(क) राहदानी नं.  (ख) जारी भएको मितिः–

(ग) समाप्त मितिः–

६. नेपाल आइपुग्ने अनुमानित मितिः–

७. नेपालको ठेगानाः–

८. नेपालमा कति दिन बस्नेः–

९. नेपालमा भ्रमण गर्ने उद्देश्यः–

१०. नेपालमा रहँदाको खर्च कस्ले व्यहोर्नेः–

११. नेपालमा पहिले आएको मिति र कारणः–

१२. परिवारसाथ आउने भए प्रत्येकको नाम र जन्म मितिः–

(निवेदकको हस्ताक्षर)

---

### कार्यालयको प्रयोगको लागि मात्र

(क) भिसाको नम्बर र किसिमः–

(ख) भिसाको म्यादः–

मितिः–

कैफियतः–  (अधिकृतको हस्ताक्षर)

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–१ (ख)

(नियम १५ सित सम्बन्धित)

**नेपाली भिसा म्याद बढाउनको लागि दर्खास्त फाराम**

१. थर:– नाम (पूरा):–

२. राष्ट्रियता:–

३. पेशा:–

४. हालको ठेगाना (नेपालमा):–

५. स्थायी ठेगाना:–

६. (क) जन्म मिति:– (ख) जन्मेको ठाउँ:–

७. राहदानीको विवरण:–

(क) राहदानी नं.:– (ख) जारी भएको मिति:–

(ग) समाप्त हुने मिति:–

८. नेपालको लागि प्रवेश भिसा दिने कार्यालय:–

९. नेपालमा प्रवेश गरेको मिति:–

१०. नेपाली भिसाको म्याद:–

११. भिसा म्याद थप गर्न चाहेका दिन:–

१२. भ्रमणको र भिसाको म्याद थप गर्न चाहेको उद्देश्य:–

१३. (क) काठमाडौं उपत्यका बाहेक नेपालको अरू कुनै ठाउँमा यात्रा गरिने भए त्यसको विवरण:–

(ख) यात्राको उद्देश्य:–

(ग) कुन ठाउँमा कति दिन बस्ने:–

१४. नेपालमा खर्च कति छ (विदेशी मुद्रामा):–

१५. नेपालमा पहिले आएको र कारण:–

मिति:– (निवेदकको हस्ताक्षर)

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–२ (क)

(नियम २५ सित सम्बन्धित)

फोटो

(दुई प्रति)

पद यात्रा अनुमति-पत्रको लागि दर्खास्त फाराम

(निवेदकले भर्नु पर्ने)

१. थर:– नाम (पूरा):–

२. राष्ट्रियता:–

३. पेशा:–

४. नेपालमा ठेगाना:–

५. स्थायी ठेगाना:–

६. (क) जन्मेको मिति:– (ख) जन्मेको स्थान:–

७. राहदानीको विवरण:–

(क) पासपोर्ट नं.:– (ख) जारी भएको मिति:–

(ग) समाप्त मिति:–

८. नेपालको लागि प्रवेश भिसा दिने कार्यालय:–

प्रवेश भिसा नं.:–

९. नेपालमा प्रवेश गरेको मिति:–

१०. नेपाली भिसाको म्याद:–

११. यात्राको उद्देश्य:–

१२. पद यात्रा गर्न खोजिएको ठाउँहरू:–

१३. कुन ठाउँमा कति दिन बस्ने:–

१४. यात्राको अवधि:–

१५. नेपालमा खर्च कति छ (विदेशी मुद्रामा):–

१६. नेपालमा पहिले आएको मिति र कारण:–

मिति:– (निवेदकको हस्ताक्षर)

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६२४

अनुसूची–२ (ख)
(नियम २६ सित सम्बन्धित)

सि. नं.:–

मिति:–

श्री ५ को सरकार
गृह मन्त्रालय
केन्द्रीय अध्यागमन कार्यालय
काठमाडौं

फोटो

## पद यात्राको अनुमति-पत्र

| | |
|---|---|
| १. थर:– नाम (पुरा):–<br>२. नागरिकता:–<br>३. पासपोर्ट नं.:–<br>४. हालको ठेगाना:–<br>५. स्थायी ठेगाना:–<br>६. जान पाउने ठाउँ:–<br>७. निर्धारित बाटो:–<br>८. अनुमतिको अवधि:– | थप म्याद र ठाउँको निमित्त |

अध्यागमन अधिकृत

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–३ (क)
(नियम ३६ सित सम्बन्धित)

## आगमन फाराम

१. थरः–                                        नाम (पूरा):–
२. जन्म मितिः–
३. राहदानी नं. र कुन देशबाट जारी गरिएकोः–
४. भिसा नं. र जारी भएको मितिः–
५. राष्ट्रियताः–
६. कुन देशको वासिन्दाः–
७. यात्रा गरेको हवाई सेवाको नामः–
८. कहाँबाट आएकोः–
९. यात्राको उद्देश्यः–

व्यापार        सरकारी        ट्रेकिङ पर्वतारोहण
प्लेजर                        अन्य

१०. पेशाः–
११. कति दिनको लागि नेपालको यात्रा गर्न चाहनेः–

आगमन मितिः–                                        हस्ताक्षर

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
६.२६८

अनुसूची–३ (ख)
(नियम ३६ सित सम्बन्धित)

## प्रत्यागमन फाराम

१. नाम:–
२. जन्म मिति:–
३. राहदानी नं.:–
४. पेशा:–
५. राष्ट्रियता:–
६. मूल देशको वासिन्दा:–
७. यात्रा गरिने हवाई सेवाको नाम:–
८. मन्तव्य स्थान:–
९. नेपाल यात्रा गरेको ठाउँहरू:–
१०. नेपालमा बसेको अवधि:–

---

प्रस्थान गर्ने मिति:– हस्ताक्षर

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची – ४
(नियम ३७ सित सम्बन्धित)
विदेशीको लगत

होटेलको नामः–

| थर, नाम (पूरा) | राष्ट्रियता | घरको ठेगाना | यात्राको उद्देश्य | पेशा | होटेलमा आएको मिति | हाल कहाँबाट आएको | राहदानी नं. राहदानी जारी गर्ने मुलुक र म्याद | भिसा नं. जारी गर्ने कार्यालय र म्याद | होटेल छाडेको मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |

होटेल मालिकको हस्ताक्षर

आज्ञाले–
शेरबहादुर शाही
श्री ५ को सरकारको सचिव

श्री ५ को स[illegible]को छापाखाना, सिंहदरबार, काठम[illegible]मा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६.२८